नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :- ०८१/८२

च.नं. : १२८९

मिति २०८१/१२/०५

ने.सं. : ११४५, चौलागा

## माध्यमिक शिक्षा परीक्षा (SEE) सम्बन्धमा अपिल

२०८१ साल चैत्र ०७ गते बिहीबारदेखि सुरु हुने २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (SEE)मा सामुदायिक र संस्थागत गरी जम्मा ११,२१६ ओटा विद्यालयहरूबाट ५,१४,०७१ (छात्रा २,५७,७३०, छात्र २,५६,३११ र अन्य ३०) परीक्षार्थीहरू (नेपालमा २०७९ र जापानमा १ गरी) कुल २०८० परीक्षा केन्द्रबाट परीक्षामा सहभागी हुँदै छन् । कुल परीक्षार्थीहरूमध्ये १६,९४७ जना परीक्षार्थीहरू प्राविधिक धारतर्फका रहने छन् । परीक्षामा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक/सहयोगी कर्मचारी र सुरक्षाकर्मी समेत गरी जम्मा ७७, ८१७ जना जनशक्ति प्रत्यक्ष रूपमा परीक्षा केन्द्रमा खटिने छन् ।

माध्यमिक शिक्षा परीक्षा (SEE) लाई अनुशासति, व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न सातओटै प्रदेशका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको समन्वयमा ७७ ओटै जिल्ला परीक्षा समन्वय समितिहरूबाट परीक्षामा खटिने केन्द्राध्यक्षलगायतका जनशक्तिलाई अभिमुखीकरण गर्ने कार्य सम्पन्न गरी प्रश्नपत्र, उत्तरपुस्तिकालगायत परीक्षासँग सम्बन्धित सामग्रीहरू नजिकैको सुरक्षा निकाय र परीक्षा केन्द्रमा पुऱ्याउने लगायतका तयारीसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भइसकेको बेहोरा सम्बन्धित तह र निकायबाट प्राप्त भइसकेको छ ।

यस बर्षको माध्यमिक शिक्षा परीक्षा (SEE) माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ अनुसार सञ्चालन हुने छ । लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार परीक्षाको नतिजा प्रकाशन र प्रमाणीकरण हुने छ । परीक्षा एउटा नियमित प्रक्रिया भएको र विद्यार्थीहरू यस पूर्व धेरै परीक्षाहरूमा सहभागी भई यहाँसम्म आइपुगेको हुँदा सदा जस्तै यस पटक पनि परीक्षामा सहज रूपमा सहभागी हुने कुरामा राष्ट्रिय परीक्षा बोर्ड विश्वस्त छ ।

राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन हुने उक्त परीक्षालाई स्वच्छ, व्यवस्थित, मर्यादित, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न गराउन परीक्षासँग प्रत्यक्ष र परोक्ष रूपमा संलग्न संघ, प्रदेश र स्थानीय सरकार अन्तर्गतका विभिन्न निकाय तथा सबै सरोकारवालाहरूबाट भएका समन्वयात्मक प्रयासहरूप्रति हार्दिक आभार व्यक्त गर्दै परीक्षा सम्पन्न नहुँदासम्म आवश्यक सहयोग र समन्वयका लागि हार्दिक आह्वान गर्दछु । साथै सम्पूर्ण परीक्षार्थीहरूलाई उच्च मनोबल र निर्भयसाथ उक्त परीक्षामा सहभागी हुन हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

..............................

(डा. महाश्रम शर्मा)

अध्यक्ष अध्यक्ष

फोन : ६६३०८४८, ६६३१३९४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३९०७३ फ्याक्स: ६६३०५९८, ६६३०८४८